त्रिभुवन विश्वविद्यालय
**कृषि र पशु विज्ञान अध्ययन संस्थान**
**डीनको कार्यालय**
**कीर्तिपुर, काठमाडौं**

प.सं./च.नं.

## प्रवेश परीक्षा केन्द्रसम्बन्धी सूचना
## प्रकाशित मिति २०७८/११/१२

शैक्षिक वर्ष २०७८/७९ को लागि यस अध्ययन संस्थानबाट सञ्चालित स्नातकोत्तर कार्यक्रम अन्तर्गत स्नातकोत्तर तहको विभिन्न विभागहरुमा नयाँ विद्यार्थी भर्नाको लागि श्री **नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान सानो भ्याङ, काठमाडौं**मा हुने M.Sc.Ag./M.V.Sc. प्रवेश परीक्षामा सम्मिलित हुनको लागि विहान ९ वजे पश्चात मुल गेटवाट प्रवेश गर्न सक्नेछन भने M.Sc.An.Sc/Aqua को प्रवेश परीक्षामा सम्मिलित हुनको लागि दिउसो १ वजेपछि मात्र प्रवेश गर्न सक्नेछन साथै प्रवेश परिक्षा शुरु हुनु भन्दा ३० मिनट अगाडी मात्र परिक्षाहल खुल्ने कुरा सम्बन्धितको सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । परीक्षार्थीले निम्नानुसारको आचारसंहिता पालना गर्नु पर्नेछ ।

### परीक्षार्थीले पालना गर्नुपर्ने आचारसंहिता

१. परीक्षार्थी परीक्षामा सम्मिलित हुन आउँदा **रंगिन प्रवेश पत्र** र **सक्कल नागरिकता वा सक्कल सवारी पत्र वा सक्कल राहदानी** अनिवार्य रुपमा साथमा लिई आउनुपर्नेछ अन्यथा प्रवेश परिक्षामा सामेल गरिने छैन ।
२. कोभिड १९ को समस्यालाइ मध्यनजर गर परिक्षार्थीले अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ । शैक्षिक सामाग्रीहरु (क्याल्कुलेटर, पेन, स्केल आदी) परीक्षा हलमा आदान प्रदान पुर्णतया निषेध गरिएको छ साथै आफ्नो लागि पानीको व्यवस्था आफै गर्नु पर्नेछ ।
३. जम्मा प्रश्न संख्या १०० (एक सय) हुनेछ ।
४. प्रवेश पत्रमा दिईएको रोल नम्बर नै उत्तर पुस्तिकाको रोल नम्बरमा लेख्नु पर्नेछ । प्रश्नपत्रमा तोकिएको स्थानमा अंग्रेजी लिपीको अंक र अक्षरमा रोल नम्बर लेख्नु पर्नेछ । उत्तरपुस्तिकामा नाम CAPITAL LETTER मा लेख्नु पर्नेछ । अन्य केही लेख्न तथा कतै केरमेट गर्न पाईने छैन ।
५. प्रश्नको उत्तर छान्दा सही उत्तर छानिएको कोष्टमा (●) निर्दिष्ट गरे बमोजिम कालो Ball पेनले मसी भर्नु पर्नेछ । सिसाकलमले वा अन्य मसीले चिन्ह लगाउन पाईने छैन ।
६. खेस्रा (Rough) गर्नु परेमा प्रश्नपत्रको पछाडिको पृष्ठमा गर्न सकिनेछ ।
७. प्रवेश परीक्षा सुरु भएको ३० मिनेट पछि परीक्षार्थीलाई परीक्षा हलमा छिर्न दिइने छैन । परीक्षा सुरु भएको १ घण्टाको समयपछि प्रश्नपत्र र उत्तरपुस्तिका बुझाई परीक्षा हलबाट बाहिर निस्कन पाईने छ ।
८. परीक्षा हलमा क्यालकुलेटर, मोवाईल/IPad/IPod/Tab वा कुनै पनि Electronic Devices को प्रयोग निषेध गरिएको छ । प्रयोग भएको पाईएमा परीक्षार्थीलाई परीक्षा हलबाट निश्काशन गरिनेछ ।
९. एक आपसमा कुरा गर्न पाईने छैन । अत्यावश्यक परेमा हात उठाएर निरिक्षकलाइ संकेत गर्न सकिनेछ । परीक्षा हलमा लैजान निषेध गरिएका वस्तुहरु लगेमा वा अनुचित व्यवहार गरेमा निरीक्षकले त्यस्ता विद्यार्थीहरुलाई परीक्षा भवनबाट निष्काशन गर्न सक्नेछन् ।
१०. Answer Sheet मेशिनबाट परिक्षण गरिने भएकोले उत्तरपूस्तिकाको निर्धारित स्थान वाहेक अन्यत्र कतै केरमेट वा पट्याउन वा डट वा अन्य कुनै संकेत गर्न पाइने छैन । Answer Sheet मा एक प्रश्नको उत्तरमा एक भन्दा बढी गोलो चिन्ह भरेमा सो उत्तर रद्ध हुनेछ ।
११. ज्वरो आएको वा कोविड-१९ का कुनै लक्षण भएका परीक्षार्थीलाई छुट्टै परीक्षा हलको व्यवस्था गरिएको छ ।

डा.किशोर चन्द्र दाहाल
सहायक डीन

पो.अ.ब. ९८४; फोन: ९७७-१-४३३०५००/४३३०६००; इमेल: info@iaas.edu.np; Website : www.iaas.edu.np